बैठक संख्या - ४

आज मिति २०८०/०६ /२६ गते शुकबारका दिन समय बिहान ८:०० बजे यस देवताल गाउँपालिकाका अध्यक्ष श्री उदय प्रसाद यादव ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी तपसिलका निर्णयहरु गरियो।

उपस्थिती

| क.स. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री उदय प्रसाद यादव | अध्यक्ष | |
| २ | श्री सितापति देवी यादव | उपाध्यक्ष | |
| ३ | श्री अरुण कुमार सिंह | वडा अध्यक्ष वडा नं.१ | |
| ४ | श्री मनरुदीन मिँया ठकुराई | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | श्री रामकिशोर प्रसाद कुशवाहा | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | श्री ललन कुमार यादव | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | श्री सुरेश प्रसाद साह | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | श्री संजय कुमार | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | श्री सतेन्द्र प्रसाद यादव | वडा अध्यक्ष वडा नं.७ | |
| १० | श्री रामपुजन पंडित कुम्हार | कार्यपालिका सदस्य | |
| ११ | श्री किसुनदेव ठाकुर हजाम | कार्यपालिका सदस्य | |
| १२ | श्री सरस्वती देवी | कार्यपालिका सदस्य | |
| १३ | श्री प्रभा देवी धोविन | कार्यपालिका सदस्य | |
| १४ | श्री ललिता देवी जैसवार | कार्यपालिका सदस्य | |
| १५ | श्री कान्ती देवी | कार्यपालिका सदस्य | |
| १६ | श्री नविन कुमार श्रीवास्तव | प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १. | श्री राजिव यादव | प्रशासन शाखा प्रमुख | |
| २. | श्री गजेन्द्र यादव | लेखा शाखा प्रमुख | |
| ३. | औलिक महम्द दर्जी | प्राविधिक शाखा प्रमुख | |

CamScanner

| | | | |
|---|---|---|---|

**प्रस्ताव नं.१: आ.व.२०८०/०८१ मा कार्यरत ज्यालादारी तथा डोर हाजिरीका कार्यरत कर्मचारीहरुको ज्याला भुक्तानी सम्बन्धमा।**

**निर्णय नं. १:** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कार्यालय तथा अन्तगर्तका कार्यालयमा साविक देखि हाल सम्म आ.व. २०८०/०८१ मा समेत कार्य गरिरहेको( स्थानिय सरकार संचालन ऐन २०७४ तथा यसै गाउँपालिका अन्तगर्त बनेको प्राविधिक कर्मचारी पदपूर्ति सम्बन्धी ऐन, कानुन अनुसार कायम भएको पदमा मात्र) र हाल सम्म कार्यालयले कर्मचारी अभावलाई पदपूर्ति माध्यमबाट पदपूर्ति गरि नसकेको अवस्थालाई समेत मध्यनजर गर्दै हाल सम्म कार्य गरिरहेको तथा आ.व.२०७९/०८० को असार मसान्तमा मासिक ज्याला बुझेको कर्मचारीलाई यसै कार्यपालिकाको निर्णयले निजहरुको आ.व.२०८०/०८१ को असोज मसान्तसम्म म्याद थप गरि निजहरुको साविकमा खाईपाई आएको मासिक ज्याला नै हाल पनि कायम गरी निजहरुको मासिक ज्याला भुक्तानी दिने निर्णय गरियो। निजहरुको हाजिरी प्रमाणिकरण सम्बन्धमा निजहरु कार्यरत तत् तत् निकायबाट तथा यस कार्यालयको प्रशासन शाखाबाट हाजिरी प्रमाणिरकण गरी निजहरुको मासिक ज्याला भुक्तानी दिने निर्णय गरियो। साथै निजहरुको कार्यसम्पादन मुल्यकांन यसै कार्यपालिका बैठकमा अवगत गराई निजहरुको म्याद सम्बन्धी निर्णय भएकोले निजहरुको ज्याला सम्बन्धी कार्यहरु यसै कार्यपालिकाको बैठकको निर्णय अनुसार हुने गरेको कुरा समेत निर्णण गरियो। ~~साथै निजहरुको म्याद बढीमा आ.व.२०८०/०८१ को असोज सम्म मात्र हुने तथा सो पश्चात निजहरुको म्याद स्वः सकिने गरी सुचना प्रकाशन गरिदिने निर्णय समेत गरियो।~~

प्रमा कान्ती सरस्वती सीतादेवी